# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट
बागमति प्रदेश, नेपाल
२०७४।०७३

## किस्पाङ गाउँपालिकाबाट जारी गरिएको सार्वजनिक अपिल

गत डिसेम्बर महिना देखि चिनको हुवेई प्रान्तको राजधानी बुहानबाट शुरु भएको कोभिड-१९ भाइरस विश्वव्यापी रुपमा फैलिएको सर्वविदितै छ । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को फैलावटलाई मध्यनजर गर्दै यसलाई बिश्व स्वास्थ्य संगठनले यही मार्च ११ मा माहामारी रोग घोषणा समेत गरिसकेको छ । कोरोना भाइरस संक्रमणको माहामारीबाट हाल सम्म विश्वमा करिव ३ लाख ६० हजार बढी सङक्रमित भएको, १३ हजार भन्दा बढीको मृत्यु भईसकेको र विश्वका १९२ भन्दा बढी मुलुकमा फैलि सकेको विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

कोरोना भाइरसको संक्रमणबाट हाल नेपाल पनि उच्च जोखिममा रहेकोले उच्च सतर्कता अपनाउन बिश्व स्वास्थ्य संगठनले आह्वान गरिरहेको र नेपाल सरकारले पनि विभिन्न कार्यक्रम घोषणा तथा कार्यान्वयन गरि जोखिम न्यूनीकरणको प्रयास भइरहेको छ ।

यसै सन्दर्भमा **उच्च ज्वरो आउने, सुख्खा खोकी लागिरहने, श्वासप्रश्वासमा समस्या** देखिने जस्ता प्रमुख लक्षण रहेको यस रोगको रोकथाममा सम्पुर्ण ब्यक्तिहरु, घर, परिवार एंव समुदायले सावधानी एव सतर्कताका सम्पुर्ण उपाय अवलम्वन गर्नु वर्तमानको एक मात्र सर्वोत्तम विकल्प रहेको स्पष्ट भैसकेको छ ।

यस सम्बन्धमा उत्पन्न गरिएका विभिन्न प्रकारका नकरात्मक हल्ला र प्रचार बाजीका पछाडी नलागी कोभिड-१९ बाट जोगिन आम नागारिकमा सचेतना र सजगता अपनाउने कार्यमा सबैको सकरात्मक सहयोगको अपेक्षा गरिएको छ ।

उल्लेखित सन्दर्भमा कोरोना भाइरस संक्रमणको संभावित जोखिमबाट बच्न नेपाल सरकार, प्रदेश सरकारबाट घोषित कार्यक्रमका अतिरिक्त देहाय बमोजिम गर्नु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

- मानिसको भिडभाड हुने गरि कोही कसैले पनि सभा/समारोह, गोष्ठी, धार्मिक कार्यक्रम, भेला, महोत्सव, भोज भतेर, घेवा जस्ता कार्यक्रम नगर्नु/नगराउनु तथा सहभागी नहुनु हुन ।
- नियामित रुपमा गुणस्तरीय स्यानीटाइजर वा साबुनपानीले हातधुनु हुन ।
- एक आपसमा हात मिलाउने वा अङकमालको सट्टा नमस्कार जस्ता अभिवादन गर्नु हुन ।
- कोराना भाईरस संग मिल्दोजुल्दो लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जँचाउन जानु हुन ।
- संक्रमित मुलुकबाट आउने आफन्तजनहरुलाई गाउँपालिका प्रबेश विन्दु **सोले र नयाँपुलमा** रहेको **हेल्थ डेक्समा** अनिवार्य चेकजाँच गराई आउन र कम्तीमा १४ दिन घरमै सेल्फ क्वारेन्टाईन (Self Quarantine)मा बसी वडा कार्यालय र स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहनु हुन ।
- अत्यवाश्यक काममा बाहेक घरबाहिर ननिस्कन र निस्कनै परेमा अनिवार्य मास्क प्रयोग गर्नु हुन ।
- आफ्नो टोल छिमेकमा कोरोना भाईरसका लक्षण, सर्ने तरिका र बच्ने उपायबारे सचेतना जगाउनु हुन ।
- आफ्नो ब्यक्तिगत तथा वातावरणीय सरसफाईमा विशेष ध्यान दिनु हुन ।

अन्त्यमा कोरोना भाइरसको संभावित जोखिमको यस घडीमा यसको रोकथाम तथा नियन्त्रणको लागि गाउँपालिका क्षेत्रभित्रका सम्पुर्ण जनप्रतिनिधिहरु, राजनैतिक दलहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, कर्मचारी लगायत आम जनसमुदायको सक्रिय साथ र सहयोगको लागि अनुरोध छ ।

२०७६।१२।०९
(खुमबहादुर घर्ती)
प्रमुखप्रशासकीयअधिकृत

Phone no. 010681217 Email: kispangrm@gmail.com Website;www.kispangmun,gov.np